केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४१/०६६/६७ मिति : २०६७/०१/०८

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०६६ को देहायका इ.प्रा.निर्देशन नं. ४, १०, १२ र १३ को देहायका बुँदाहरुका सम्बन्धमा निम्न बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इ.प्रा.निर्देशन नं.४/०६६ (लेखा नीति तथा वित्तीय बिवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था) को अनुसूची ४ (अ) (Unaudited Quarterly Financial Report) मा भएको 4. Ratios मा "4.5 Credit to Deposit Ratio" (कर्जा/स्वदेशी निक्षेप + प्रथमिक पूँजी अनुपात ने. रा. बैं. को निर्देशन अनुसार गणना गरिएको) शीर्षक थप गरी यसै साथ संलग्न परिमार्जित अनुसूची ४ (अ) (Unaudited Quarterly Financial Report) कायम गरिएको छ।

२. इ.प्रा.निर्देशन नं. १०/०६६ (इजाजतपत्रप्राप्त संस्थाको संस्थापक शेयर नामसारी वा बिक्री सम्बन्धी व्यवस्था) को बुँदा नं. १४ मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरिएको छ।

*"इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको **दुई (२)** प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीहरुको नाममा रहेको संस्थापक शेयर प्रचलित ऐन कानुन तथा देहायका शर्तहरुको अधीनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरिद/विक्री गर्नको लागि यस बैंकको स्वीकृति लिई रहनु पर्ने छैन। नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड र Fit and Proper Test को व्यवस्थालाई परिपालना गरेको हुनुपर्ने छ। **दुई** प्रतिशतभन्दा बढी शेयर धारण गरेका संस्थापक शेयरधनीहरुको हकमा भने यस प्रयोजनको लागि संस्थापक शेयर खण्डीकृत गरी **दुई** प्रतिशत वा सो भन्दा कम गरी यस्तो सुबिधा उपयोग गर्न पाईने छैन। **दुई** प्रतिशतभन्दा बढी रकमको संस्थापक शेयर धारण गरेका संस्थापक शेयरधनीहरुको हकमा साविक व्यवस्था बमोजिम नै संस्थापक शेयर खरिद/विक्री सम्बन्धी स्वीकृति यस बैंकबाटै दिईने छ।"*

३. इ.प्रा.निर्देशन नं. १२/०६६ (कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था) को बुँदा नं. २(२.१) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन/परिमार्जन गर्नुका साथै सो निर्देशनमा संलग्न अनुसुचीहरुलाई संशोधन/परिमार्जन गरी यसैसाथ संलग्न अनुसुची क.सू.फा.नं. १ (क), (ख), (ग) र क.सू.फा.नं. २ कायम गर्ने तथा अनुसुची क.सू.फा.नं. १ (घ) थप गरिएको छ।

*"२.१ <u>इजाजतपत्रप्राप्त संस्थाले त्रैमासिक विवरण पठाउनु पर्ने</u>*

*इजाजतपत्रप्राप्त संस्थाले आफूले स्वीकृत गरेको पच्चिस लाख रुपैयाँ वा सो भन्दा बढीको कर्जा/सुविधा सम्बन्धमा **तथा भाखा नाघेका दश लाख रुपैयाँ वा सो भन्दा बढी र पच्चिस लाख रुपैयाँ भन्दा कम रकमको कर्जा/सुविधा सम्बन्धमा** यसैसाथ संलग्न क.सू.फा.नं. १ (क), (ख), (ग), **(घ)** र क.सू.फा.नं. २ अनुसारको विवरण भरी महिना भुक्तान भएको मितिले पन्ध्र दिन भित्र र कर्जा चुक्ता नभएसम्म क.सू.फा.नं. २ अनुसारको विवरण त्रैमासिक रुपमा आषाढ, आश्विन, पौष र चैत्र महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र नियमित रुपमा केन्द्रमा पठाउनु पर्नेछ। यसरी केन्द्रमा पठाएको क.सू.फा.नं. - १ अनुसारको विवरणमा पछि कुनै परिवर्तन भएमा वा कर्जा चुक्ता भएमा वा भाखा नाघेको कर्जा नियमित भएमा वा भाखा मिति थप वा पुनर्तालिकीकरण (Re-schedule) भएमा सोको जानकारी समेत पन्ध्र दिन भित्र अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ।"*

४. इ.प्रा.निर्देशन नं. १२/०६६ को बुँदा नं. २ (केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने) मा देहायको व्यवस्था थप गरिएको छ।

(२.४) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले केन्द्रीय रुपमा कर्जा सूचना इकाई (Credit Information Cell) गठन गरी कर्जासूचना सम्बन्धी सम्पूर्ण कार्यहरु सो इकाईबाट मात्र गर्नु/गराउनु पर्नेछ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

५. इ.प्रा.निर्देशन नं. १२/०६६ को बुँदा नं. ४ (कालो सूचीमा समावेश गर्ने प्रकृया) मा देहायको व्यवस्था थप गर्ने ।

(१) यस निर्देशनमा उल्लेखित अवस्था पुगेपछि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट जतिसुकै परिमाणको कर्जा रकम लिई कर्जा नतिर्ने ऋणीहरुलाई कालोसूचीमा राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न सक्नेछ । यसरी कालोसूचीमा समावेश गर्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाबाट सिफारिस नामावलीलाई कर्जा सूचना केन्द्रले यकीन समेत गरी पन्ध्र दिनभित्र कालोसूचीमा राख्नेछ ।

(२) यस निर्देशनमा तोकिएको अवस्था पुगेपछि इजाजतपत्रप्राप्त बैंकहरुबाट प्रदान गरिने क्रेडिट कार्ड सुविधा उपभोग गरी सो वापतको जतिसुकै रकम/कर्जा नतिर्ने ग्राहकहरुलाई कालोसूचीमा राख्न सम्बन्धित बैंकले कर्जा सूचना केन्द्रलाई सिफारिश गर्न सक्नेछ । यसरी कालो सूचीमा समावेश गर्न सम्बन्धित बैंकबाट सिफारिस प्राप्त भएपछि सो नामावलीलाई पन्ध्र दिनभित्र कालोसूचीमा राख्नुपर्ने छ र कालोसूचीबाट नाम हटाउने सम्बन्धी कारवाही विद्यमान नीतिगत तथा प्रकृयात व्यवस्था बमोजिम नै हुनेछ ।

(३) इजाजतपत्रप्राप्त संस्थाले पच्चीस लाखभन्दा बढीको कर्जा रकम कालोसूची सम्बन्धी व्यवस्था अन्तर्गत कालोसूचीमा सूचीकृत गराएपछि मात्र जुनसुकै रकमको कर्जा कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने छ ।

(४) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सिफारिस गरेमा जुनसुकै रकमको कर्जा ग्राहकलाई कर्जा सूचना केन्द्रले कालोसूचीमा सूचिकृत गर्नुपर्ने छ ।

६. इ.प्रा.निर्देशन नं. १३/०६६ (अनिवार्य मौज्दात सम्वन्धी व्यवस्था) को बुँदा नं. १ मा देहाय बमोजिम थप नीतिगत व्यवस्था गरिएको छ ।

*"अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनार्थ नेपाल राष्ट्र बैंकको कार्यालय नभएका स्थानहरुमा राष्ट्रिय बाणिज्य बैंक लि. तथा नेपाल बैंक लि. मा रहेको नोटकोषमा जम्मा हुने मार्गस्थ नगद (Cash in Transit) समेत समावेश गर्न सकिनेछ । नोटकोषमा रकम राखिएमा वा नोटकोषबाट रकम झिकिएमा सम्बन्धित बैंकले त्यसको विवरण तत्काल मुद्रा व्यवस्थापन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा समेत पठाउनु पर्नेछ । उपरोक्त कारोवारलाई अनिवार्य मौज्दात सम्बन्धी साप्ताहिक विवरणमा समावेश गरी यसै साथ संलग्न संशोधित निर्देशन फा.नं. १३.१ को ढाँचामा पठाउनु पर्नेछ ।"*

अनिवार्य मौज्दात सम्बन्धी साप्ताहिक विवरणको ढाँचा एकीकृत निर्देशन, २०६६ को निर्देशन नं. ९ को फारम नं.९.९ लाई खारेज गरिएको छ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
११. श्री कर्जा सूचना केन्द्र लि., हेरिटेज प्लाजा, काठमाडौं ।